# Bhimeshwor Business Incubation Center (BIC)
## Gaurishankar Multiple Campus
Charikot, Dolakha

### BIC Working Area (SOP)

| | Activities | | Outcome | Impact |
|---|---|---|---|---|
| | | | | |
| | नीति संवाद र पैरवी | व्यवसाय-मैत्री नीति तथा नियमनका लागि नीतिगत कमीकमजोरीहरू पहिचान गर्न, स्थानीय सरकार र आवश्यकता अनुसार प्रादेशिक तथा सङ्घीय निकायहरूसँग नियमित त्रैमासिक परामर्श र संवाद कार्यक्रम सञ्चालन गर्ने। यसको मुख्य उद्देश्य नीतिगत कमीकमजोरीहरू पहिचान गरी व्यवसाय-मैत्री नियमन र नीतिहरू बनाउन सुझाव दिने। | 1. संवाद र छलफलबाट नीतिगत सुधारको पहिचान।<br>2. नीतिगत अनुगमन प्रणाली स्थापना।<br>3. निजी क्षेत्र र स्थानीय सरकारबीचको सम्बन्ध सुदृढीकरण। | |
| | | राष्ट्रिय स्टार्टअप नीति २०८० सँग मिल्ने गरी भीमेश्वर नगरपालिकाको आर्थिक विकासका प्राथमिकताहरूलाई उजागर गर्ने नीति नोट तयार गर्न नगरपालिकालाई सहयोग गर्ने। यसका साथै, भविष्यमा "नगरपालिका स्टार्टअप, उद्यमशीलता र नवप्रवर्तन नीति" बनाउन निजी क्षेत्र, सहकारी, युवा उद्यमी र सरोकारवालाहरूसँग समन्वय गरी उनीहरूको सुझाव सङ्कलन गर्ने। | 1. राष्ट्रिय स्टार्टअप नीति २०८० अनुरूप नीतिगत टिप्पणी (Policy Note) निर्माण।<br>2. BIC सञ्चालनका लागि कानुनी आधार स्थापना<br>3. निजी क्षेत्र र स्थानीय सरकारबीचको सम्बन्ध सुदृढीकरण। | |
| | सार्वजनिक स्रोत र पूर्वाधारमा पहुँच | उद्यमीहरूका लागि सह-कार्य, उत्पादन प्रदर्शन, र तालिमका लागि नगरपालिकाका प्रयोग नभएका वा कम प्रयोगमा आएका सार्वजनिक स्थानहरू, सामुदायिक भवनहरू, खाली जग्गा, कोशेली घरजस्ता ठाउँहरूलाई साझा कार्यस्थल (co-working space) को रूपमा छुट्याउन सहयोग गर्ने। भविष्यमा यसलाई प्राविधिक सुविधाहरू (maker spaces र प्रयोगशाला) सहितको पूर्ण कार्यस्थल बनाउन पहल गर्ने। | 1. नगरका खाली स्थानलाई उद्यमीका लागि सह-कार्यस्थल, सामान प्रदर्शन र तालिम स्थलको रूपमा प्रयोग।<br>2. पूर्वाधारको प्रयोग मार्फत उद्यमशीलतामा नगरको सहयोग सुदृढीकरण। | |
| | | स्थानीय निकायहरूसँग सहकार्य गरी उद्यमीहरूले रिपोर्ट गरेका बिजुली, इन्टरनेट र पानी जस्ता प्रमुख समस्याहरूलाई अभिलेख राख्ने र त्रैमासिक संवादमा यिनको समाधानका लागि पहल गर्ने। | 1. उद्यमीले भोगेका प्रमुख सेवा (बिजुली, इन्टरनेट, पानी) सम्बन्धी समस्याहरूको अभिलेखीकरण।<br>2. व्यवसाय सञ्चालनका लागि अत्यावश्यक सेवाहरूमा सुधार।<br>3. उद्यमी र स्थानीय सरकारबीचको विश्वास सुदृढीकरण। | |
| नगरपालिका तथा अन्य सरकारी निकायहरूसँग | | BIC समर्थित/आवद्ध व्यवसायका उत्पादन तथा सेवाहरूको डेटाबेस तयार गरी नगरपालिकालाई उपलब्ध गराउने, जसबाट नगरपालिकाले आफ्नो खरिद प्रक्रिया (जस्तै: सूचना प्रविधि समाधान, फोहोर व्यवस्थापन, सार्वजनिक निर्माण/अतिथि सत्कार लगायत) मा ती उत्पादन र सेवाहरूलाई समावेश गर्न सकोस्। | 1. BIC-समर्थित व्यवसाय र उनीहरूका उत्पादन/सेवाहरूको डेटाबेस तयार।<br>2. स्थानीय उद्यमका लागि बजार पहुँच र आम्दानीका अवसरमा वृद्धि।<br>3. नगरको माग र स्थानीय आपूर्तिबीचको सम्बन्ध सुदृढीकरण। | उद्यमशीलमैत्री नगरपालिकाको रूपमा स्थापित हुने।<br><br>नगरको अर्थतन्त्रलाई विविध र सुदृढ बनाउँदै बागमती प्रदेशको क्षेत्र (ओखलढुङ्गा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक र दोलखा) को नवप्रवर्तन केन्द्रको रूपमा स्थापित हुने।<br><br>विशेष गरी युवा र दक्ष जनशक्तिका लागि स्थानीय रोजगारीका अवसरहरूमा उल्लेख्य वृद्धि हुने र यसबाट बाहिरी बसाइँसराइ (ब्रेन ड्रेन) घट्नेछ। |

| | | | | |
|---|---|---|---|---|
| सरकारी निकायहरूसँग गरिने गतिविधिहरू (Activities with Municipality and Other Governmental Agencies) | खरिद प्रक्रिया र बजार पहुँच | स्थानीय चुनौतीहरूलाई समाधान गर्न सक्ने नवीन स्टार्टअपहरू पहिचान गर्न नगरपालिकालाई सहयोग गर्ने, जसले गर्दा पाइलट परियोजना (pilot projects) वा सार्वजनिक-निजी साझेदारीको सम्भावना बढ्नेछ। यसका अतिरिक्त, BICले नगरपालिकाको सहकार्यमा चुनौती कोष (challenge funds) जस्ता कार्यक्रमहरू आयोजना गरी स्टार्टअपहरूबाट नवीन समाधानहरू आकर्षित गर्न सहयोग गर्न सक्छ। | 1. स्थानीय चुनौतीहरूको समाधान गर्ने नवप्रवर्तनशील स्टार्टअपहरूको पहिचान।<br>2. परीक्षण परियोजना र सार्वजनिक-निजी साझेदारीको सम्भावना वृद्धि।<br>3. नवप्रवर्तनशील समाधान आकर्षित गर्न च्यालेन्ज फन्ड कार्यक्रम सञ्चालन।<br>4. उद्यमशीलतामार्फत स्थानीय समस्या समाधान गर्न नगरको क्षमतामा सुधार। | प्रगतिशील, व्यवसायमैत्री र नवप्रवर्तनात्मक सहरको रूपमा स्थापित भई थप लगानी र दक्ष जनशक्ति आकर्षित हुने।<br><br>स्टार्टअपहरूबाट आएको नवप्रवर्तनले नगरका सेवाहरूलाई (जस्तै: स्मार्ट सिटी समाधान, फोहोरमैला व्यवस्थापन) अझ प्रभावकारी र नागरिकमैत्री बनाउने।<br><br>रणनीतिक साझेदारी र उद्यमशीलतासम्बन्धी पहलहरूमार्फत नगरको सम्पत्ति र सार्वजनिक कोषको सदुपयोग हुने।<br><br>स्थानीय बासिन्दाहरूमा उद्यमशीलता र आत्मनिर्भरताको संस्कृतिको विकास हुने। |
| | | स्थानीय उत्पादन र सेवाहरूको प्रवर्द्धनका लागि व्यापार मेला र प्रदर्शनीहरूको आयोजना गर्ने। | 1. स्थानीय उत्पादन तथा सेवाहरूको पहिचान र बजार सम्बन्धमा वृद्धि।<br>2. उद्यमीहरूका लागि बिक्रीका अवसरहरूको विस्तार। | |
| | नियामक सहयोग र सरलिकरण | उद्यमीहरूलाई व्यवसाय दर्ता, अनुमति र कर प्रक्रिया बुझ्न सहयोग गर्नका साथै प्रशासनिक सेवाहरूमा सुधारका लागि सुझावहरू सङ्कलन गर्न BIC भित्र एक हेल्प डेस्क/व्यवसाय सहजीकरण/ बिजनेस फेसिलिटेसन डेस्क स्थापना गर्ने। | 1. दर्ता, इजाजतपत्र र कर पालना सहयोगमा पहुँच सुधार।<br>2. नगरका प्रशासनिक सेवा सुधारका लागि व्यवसाय र निजी क्षेत्रबाट प्रतिक्रिया संकलन। | |
| | | नियामक चुनौतीहरूलाई आपसमा बुझ्न र समाधानका लागि संयुक्त रूपमा पहल गर्न नगरपालिकाका अधिकारीहरू र स्थानीय उद्यमीहरूका बीचमा नियमित संयुक्त सिकाइ सत्रहरू (joint learning sessions) आयोजना गर्ने। भीमेश्वरमा काम गरिरहेका वा काम गर्न इच्छुक दातृ निकाय, गैरसरकारी संस्था र परामर्शदाताहरूलाई क्षमता विकासको आवश्यकता अनुरूप सहकार्य गर्ने तथा दिशानिर्देशन गर्ने। (BIC सँगको सहकार्य बिना इच्छुक दातृ निकाय तथा गैरसरकारी संस्थाहरूलाई कार्य गर्न नदिन सम्भव भए सोहि अनुसारको नीतिको अवलम्बन गरी एकद्वार प्रणालीको विकास गर्ने) | 1. नगर र उद्यमीबीच नीतिगत चुनौतीबारे आपसी बुझाइ र संयुक्त समस्या समाधानमा सुधार।<br>2. नगरमा उद्यमशीलता विकास कार्यक्रम कार्यान्वयनका लागि बाह्य दातृ निकाय र गैर-सरकारी संस्थाहरूलाई दिशानिर्देश। | |
| | डेटा संकलन, आदानप्रदान र प्रभाव मूल्यांकन | नगरपालिकाभित्र स्थापित व्यवसायहरूको उत्पादन र सेवाहरू सम्बन्धी जानकारी सङ्कलन गरी अद्यावधिक राख्ने। साथै, स्थानीय स्तरमा उत्पादन नभएका तर उच्च मागमा रहेका आवश्यक वस्तु र सेवाहरूको बारेमा पनि जानकारी सङ्कलन गर्ने। | 1. स्थानीय उत्पादन/सेवा र अपर्याप्त उच्च मागका वस्तुहरूको अद्यावधिक डेटाबेस।<br>2. स्थानीय उत्पादन योजना र आयात प्रतिस्थापनमा सहयोग। | |
| | | स्टार्टअपहरूको कार्यसम्पादन (रोजगार सिर्जना, राजस्व, लगानी) सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न नगरपालिकाको योजना तथा आर्थिक विकास विभागहरूसँग सहकार्य गर्ने, जसले गर्दा इन्क्युबेटरको प्रभाव प्रमाणित गर्न र नगरपालिकाको आर्थिक रणनीतिहरूलाई जानकारी दिन मद्दत पुग्छ। | 1. रोजगारी, आम्दानी र लगानीमा BICको प्रभावसम्बन्धी प्रमाण/तथ्यांक संकलन। | |

| | | | | |
|---|---|---|---|---|
| व्यवसाय/निजी क्षेत्रसँग गरिने गतिविधिहरू (Activities with Businesses / Private Sector) | मार्गदर्शन र परामर्श सेवा | BIC मा आबद्ध उद्यमीहरूलाई सल्लाहकार र परामर्शदाताको रूपमा सहयोग गर्न अनुभवी निजी क्षेत्रका उद्यमी, उद्योगी र व्यावसायिक विशेषज्ञहरूसँग जोड्ने। यसका लागि, बी.आई.सी.ले स्थानीय व्यवसाय सल्लाहकार सञ्जाल (Local Business Mentor Network) गठन गर्नेछ। साथै, भीमेश्वर बाहिरका विज्ञ र स्थानीय उद्यमीबीच समन्वयका लागि अनलाइन सल्लाहकार मोडेलको सम्भाव्यता पनि अध्ययन गर्ने। | 1. विशेषज्ञहरूको सल्लाह र नेटवर्किङ मार्फत व्यवसायीहरूको क्षमता र प्रतिस्पर्धात्मकता वृद्धि। | सहयोग र जोखिम न्यूनीकरणका कारण नयाँ व्यवसायहरूको सफलता दरमा वृद्धि हुनेछ।<br><br>नवप्रवर्तन, परामर्श र स्रोतमा पहुँचका माध्यमबाट व्यवसायहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुनेछ।<br><br>विशेष गरी शैक्षिक सहकार्यबाट उद्यमशील र प्राविधिक रूपमा दक्ष जनशक्तिको स्थानीय समूह तयार हुनेछ।<br><br>स्थानीय व्यवसायिक समुदायभर नवप्रवर्तनात्मक अभ्यास र प्रविधिहरूको विस्तार हुनेछ।<br><br>नयाँ उद्योग र व्यवसायिक मोडलहरूको विकास भई स्थानीय अर्थतन्त्र अझ सुदृढ हुनेछ।<br><br>स्थानीय स्टार्टअप र उद्यमशीलतासम्बन्धी पहलहरूमा निजी क्षेत्रको लगानी बढ्नेछ। |
| | | निजी क्षेत्रका विशेषज्ञहरूको नेतृत्वमा नियमित "सल्लाहकार कार्यालय समय" (mentor office hours) र विशिष्ट कार्यशालाहरू आयोजना गर्ने। यी कार्यशालाहरूमा पुँजी जुटाउने, बजारीकरण, बिक्री, उत्पादन विकास, मूल्य निर्धारण, स्टक व्यवस्थापन र कानुनी पक्षहरू जस्ता विषयमा प्रशिक्षण दिने। | 1. निजी क्षेत्रका विज्ञहरूबाट उद्यमीहरूका लागि लक्षित तालिम र सामूहिक सिकाइ।<br>2. विज्ञहरूको सल्लाह र नेटवर्किङ मार्फत व्यवसायको क्षमता र प्रतिस्पर्धात्मकता वृद्धि। | |
| | नेटवर्किङ र व्यवसाय-देखि-व्यवसाय (B2B) जडानहरू | स्थानीय आपूर्तिकर्ता, खरिदकर्ता र सेवा प्रदायकहरूबीच सम्बन्ध सुदृढ गर्न तथा सहकार्य बढाउन नेटवर्किङ र B2B म्याचमेकिङ कार्यक्रमहरू सञ्चालन गर्ने। व्यवसायिक वातावरण परिपक्व भएपछि लगानी तयारीका लागि कार्यशाला र पिचिंग सत्र जस्ता कार्यक्रमहरू पनि आयोजना गर्ने। | 1. स्थानीय आपूर्तिकर्ता, खरिदकर्ता र सेवा प्रदायकहरूबीच सम्बन्ध सुदृढीकरण। | |
| | बजार पहुँच र व्यावसायिकीकरण | उद्यमीहरूलाई नजिकैका (जिल्ला/प्रादेशिक) बजारहरू पहिचान गर्न र उत्पादनको प्याकेजिङ, ब्रान्डिङ र मूल्य निर्धारणमा सुधार गर्न खरिदकर्ताहरूको प्रतिक्रिया सङ्कलन गर्न सहयोग गर्ने। बजार अनुसन्धानमा विशेषज्ञता भएका निजी/परामर्शदाता संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने। | 1. नजिकका बजारमा पहुँचमा सुधार।<br>2. खरिदकर्ताको प्रतिक्रिया र बजार अनुसन्धानको सहकार्यबाट उत्पादन परिष्करण क्षमतामा सुधार। | |
| | | BIC मा आबद्ध उद्यमीहरूलाई व्यापार मेला, प्रदर्शनी र उद्योग-विशिष्ट कार्यक्रमहरूमा सहभागिताको व्यवस्था गर्ने। | 1. व्यापार मेला र क्षेत्रगत कार्यक्रमहरूमा सहभागितामार्फत इन्क्युबेटेड व्यवसायहरूको बजार पहुँचमा वृद्धि। | |
| | लगानी तथा वित्तीय पहुँच | BIC मा आबद्ध उद्यमीहरूलाई सिड फन्डिङ (seed funding), वृद्धि पुँजी र ऋणका लागि निजी इक्विटी फर्म, एन्जल लगानीकर्ता, भेन्चर पुँजीपति, वाणिज्य बैंक र सहकारीहरूसँग जोड्ने। | 1. उद्यमीहरूलाई लगानीकर्ता र लगानीका अवसरहरूसँगको सम्बन्ध सुदृढीकरण। | |
| | | उद्यमीहरूलाई ऋण तयारीमा सहयोग गर्ने, जसअन्तर्गत कागजात तयारी, व्यवसाय योजना निर्माण, र सहुलियतपूर्ण ऋण प्रदायक बैंक तथा सहकारीहरूसँग सम्बन्ध स्थापनाका लागि कार्यक्रमहरू सञ्चालन गर्ने। | 1. उद्यमीहरूलाई ऋण तयारी (कागजात, व्यवसाय योजना) र सहुलियतपूर्ण ऋण प्रदायकसँगको सम्बन्ध स्थापनामा सहयोग। | |
| | | उद्यमीहरूलाई वित्तीय मोडेलिङ, मूल्याङ्कन र लगानीकर्तासँगको प्रभावकारी प्रस्तुति (pitching) सम्बन्धी तालिम प्रदान गर्ने। यसका लागि विज्ञहरूको सूची तयार गरी बाह्य प्रशिक्षक तथा उद्योग विशेषज्ञहरूसँग भर्चुअल सत्रहरू सञ्चालन गर्ने। | 1. विज्ञहरूको तालिम र भर्चुअल सत्रहरूमार्फत वित्तीय मोडलिङ, मूल्याङ्कन र पिचिंग सीपमा सुधार। | |
| | साझेदारी स्रोत र | सह-कार्यस्थल (co-working space) , बैठक कोठा, उच्च गतिको इन्टरनेट र आधारभूत कार्यालय उपकरणहरूमा सुलभ वा निःशुल्क पहुँच उपलब्ध गराउने। | 1. नगरले उपलब्ध गराएका स्थान प्रयोग गर्न उद्यमीहरूलाई प्रोत्साहन।<br>2. सह-कार्यस्थल, बैठक कोठा, उच्च गतिको इन्टरनेट र आधारभूत कार्यालय उपकरणमा सुलभ वा निःशुल्क पहुँच। | |

| | | | | |
|---|---|---|---|---|
| | पूर्वाधारको प्रयोग | प्राविधिक उपकरणहरू (जस्तैः उत्पादन प्रोटोटाइप र परीक्षण सुविधाहरू) मा साझा पहुँचका लागि क्याम्पस वा निजी फर्महरूसँग सहकार्यको सम्भाव्यता अध्ययन गर्ने। | 1. प्राविधिक उपकरण, प्रोटोटाइपिङ र परीक्षण सुविधाहरूमा सामूहिक पहुँचका लागि साझेदारीको खोजी। | |
| | | | | |
| क्याम्पस/शैक्षिक संस्थासँग गरिने गतिविधिहरू (Activities with Campus) | प्रतिभा विकास र उद्यमशीलता शिक्षण | विद्यार्थीहरूमा उद्यमशीलताको सोच र नवीन विचारहरूलाई प्रोत्साहन दिन विद्यार्थी नवप्रवर्तन चुनौती (Challenge Fund), ह्याकाथन (Hackathon) र डिजाइन स्प्रिन्ट(Design Sprint) जस्ता कार्यक्रमहरू आयोजना गर्ने। यसबाट विजयी भएका विचारहरूलाई परामर्श (follow-up mentorship) प्रदान गर्ने। | 1. विद्यार्थीहरूको उद्यमशील विचारलाई सहयोग।<br>2. नगरका क्याम्पसहरूमा नवप्रवर्तन चुनौती, ह्याकाथन र डिजाइन स्प्रिन्टको संख्यामा वृद्धि। | विद्यार्थीहरूले व्यावहारिक उद्यमशीलताका सीप प्राप्त गरी रोजगारदाताका लागि आकर्षक बन्नेछन् वा आफ्नै रोजगार सिर्जना गर्न सक्षम हुनेछन्।<br><br>क्याम्पसको अनुसन्धान अझ बढी व्यावहारिक र प्रभावकारी बन्नेछ, जसले वास्तविक औद्योगिक आवश्यकताहरूलाई सम्बोधन गर्दै स्थानीय विकासमा योगदान पुर्‍याउनेछ।<br><br>बौद्धिक सम्पत्तिको व्यवसायीकरण, संयुक्त लगानी वा विश्वविद्यालयका स्रोतमा शुल्कसहितको पहुँचबाट आम्दानी सिर्जनाको सम्भावना बढ्नेछ।<br><br>शैक्षिक संस्था र निजी क्षेत्रबीचको सम्बन्ध सुदृढ भई पाठ्यक्रम र अनुसन्धान अझ सान्दर्भिक बन्नेछ।<br><br>विद्यार्थी र शिक्षकहरूमा उद्यमशील सोचको विकास हुने र नवप्रवर्तन तथा जोखिम मोल्ने भावनालाई प्रोत्साहन मिल्नेछ।<br><br>आफ्नो सीपलाई स्थानीय रूपमा प्रयोग गर्ने अवसर पाएपछि दक्ष शिक्षक र विद्यार्थीहरूलाई आकर्षित गर्न सकिनेछ।<br><br>शैक्षिक ज्ञान र प्रविधिहरूलाई समाज र अर्थतन्त्रलाई फाइदा पुग्ने व्यावहारिक प्रयोगहरूमा हस्तान्तरण गर्न सहज हुनेछ। |
| | | क्याम्पसका विद्यार्थीहरूलाई BIC समर्थित व्यवसायमा इन्टर्नशिप तथा रोजगारीका अवसरहरूमा जोड्ने, जसले गर्दा उनीहरूलाई व्यावहारिक अनुभव प्राप्त गर्न मद्दत पुग्नेछ। | 1. BIC समर्थित उद्यमहरूमा विद्यार्थीहरूलाई इन्टर्नशिप र अप्रेन्टिसशिपको अवसर।<br>2. स्नातकहरूको व्यावहारिक सीप र अनुभवमा सुधार। | |
| | | क्याम्पसहरूसँग सहकार्य गरी उनीहरूको पाठ्यक्रममा उद्यमशीलतासम्बन्धी मोड्युल र व्यावहारिक तालिम समावेश गर्न सहयोग गर्ने। | 1. क्याम्पसको पाठ्यक्रममा उद्यमशीलतासम्बन्धी मोड्युल र व्यावहारिक तालिमको एकीकरणमा सहयोग। | |
| | अनुसन्धानको व्यावसायिकीकरण र प्रविधि हस्तान्तरण | क्याम्पसबाट आएका व्यावसायिक सम्भावना भएका आशाजनक अनुसन्धान र बौद्धिक सम्पत्तिलाई पहिचान गरी तिनीहरूलाई व्यवहारिक व्यवसायिक विचारमा विकास गर्न सहयोग गर्ने। | 1. स्थानीय क्याम्पसबाट सम्भावनायुक्त अनुसन्धानको पहिचान।<br>2. अनुसन्धानबाट व्यवहारिक व्यवसायिक विचारको विकास। | |
| | | उद्योगका चुनौतीहरूलाई सम्बोधन गर्न र नवीन समाधानहरू विकास गर्न शैक्षिक संस्था र BIC मा रहेका व्यवसायहरूबीच संयुक्त अनुसन्धान परियोजनाहरूलाई सहजीकरण गर्ने। | 1. उद्योगका चुनौतीहरू समाधान गर्न शैक्षिक संस्था र बी.आई.सी. समर्थित व्यवसायबीचको सम्बन्ध सुदृढीकरण। | |
| | | शैक्षिक अनुसन्धानकर्ता र विद्यार्थीहरूका लागि बौद्धिक सम्पत्ति अधिकार (IPR) को सुरक्षा र व्यावसायीकरण रणनीतिमा कार्यशालाहरू आयोजना गर्ने। | 1. लक्षित कार्यशालाहरूमार्फत बौद्धिक सम्पत्ति अधिकार (IPR) को सुरक्षा र व्यवसायीकरण रणनीतिबारे सचेतना वृद्धि। | |
| | शिक्षक संलग्नता र विज्ञको संयोजन | क्याम्पसका प्राध्यापकहरूलाई उनीहरूको विशिष्ट ज्ञानको प्रयोग गर्न इन्क्युबेटरमा रहेका व्यवसायहरूको लागि सल्लाहकार, प्राविधिक विशेषज्ञ वा प्रशिक्षकको रूपमा सेवा गर्न आमन्त्रण गर्ने। | 1. BIC समर्थित व्यवसायहरूका लागि विश्वविद्यालयका शिक्षकहरूलाई सल्लाहकार, प्राविधिक विज्ञ र प्रशिक्षकको रूपमा संलग्न गराउने। | |
| | | प्राध्यापकहरूलाई स्थानीय उद्योग र स्टार्टअपहरूको आवश्यकतालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने व्यवहारिक अनुसन्धान (applied research) सञ्चालन गर्न अवसरहरू सिर्जना गर्ने। | 1. स्थानीय उद्योग र स्टार्टअपका आवश्यकता सम्बोधन गर्ने गरी शिक्षकहरूलाई व्यावहारिक अनुसन्धान गर्ने अवसर सिर्जना। | |
| | | बीआईसीको साझेदारीमा प्राध्यापक र विद्यार्थीहरूलाई समावेश गरी अन्तर-विषयक विचार आदानप्रदान कार्यक्रम वा चुनौती समाधान सत्रहरू आयोजना गर्ने। | शिक्षक र विद्यार्थीसँग अन्तर-विषय विचार आदानप्रदान र समस्या समाधान सत्रहरूको संख्यामा वृद्धि। | |

| | | | | |
|---|---|---|---|---|
| | पाठ्यक्रम मिलान र सीप अभाव विश्लेषण। | उद्योगको सीपको कमी पहिचान गर्न र सम्बन्धित पाठ्यक्रम विकासका लागि शैक्षिक संस्था र निजी क्षेत्रसँग नियमित संवाद गर्ने, जसले गर्दा उद्यमी र प्राविधिक सीप भएका दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुग्छ। | 1. नियमित छलफलबाट सीपको कमी पहिचान र पाठ्यक्रम विकासका लागि शिक्षा र उद्योगको आवश्यकताबीच समन्वय सुदृढीकरण। | |